# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang

Ph:- 021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


प.सं./*Ltr.No.:*
च.नं./*Ref.No.*

मिति *(Date)*:.............................

## फोहर ब्यवस्थापन ठेक्का सम्बन्धी सार्वजनिक सूचना ।

**(प्रथम पटक प्रकाशित मिति २०८१/०३/२४ गते मंगलबार)**

प्रस्तुत विषयमा यस आ.व. ०८२/०८३ मा कटहरी गाउँपालिका क्षेत्र भित्रको फोहर उठाई ल्याण्डफिल साईडमा ब्यवस्थापन गर्न चाहने ईच्छुक फर्म/कम्पनीहरुले तपशिलको शर्तहरुको अधिनमा रहि तोकिएको अवधिभित्र रित पूर्वक शिलबन्दी दरभाउपत्र पत्रमा भाग लिनु हुनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठेक्का न. | विवरण | न्युनतम अङ्क प्रति ट्रिप (ट्रयाक्टर) (भ्याट बाहेक) रु. | फारम दस्तुर रु. (फिर्ता नहुने गरी) | बोलपत्र / दरभाउ पत्र बुझाउने अन्तिम मिति र समय | बोलपत्र खोल्ने | |
|---|---|---|---|---|---|---|
| | | | | | मिति र समय | स्थान |
| KRM/ SQ/032/ 081/082 | कटहरी गाउँपालिकाको फोहर ब्यवस्थापन | ३७९८/५२ | १,०००।- | २०८२/०४/०६ गते कार्यालय समय सम्म | २०८२/०४/०७ गते २.००बजे । | कटहरी गाँउपालिकाको कार्यालय |

**<u>दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरुः</u>**

१. फोहर ढुवानी गरी ल्याण्डफिल साईड सम्म लैजाने सवारी साधन (ट्रयाक्टर) फर्म वा कम्पनीको स्वामित्वमा रहेको कागजात ।
२. फोहर ब्यवस्थापनका लागि आवश्यक ल्याण्डफिल साईडको ब्यवस्थापन भएको पुष्ट्याई हुने कागजात ।
३. दरभाउपत्र पेश गर्ने फर्म/कम्पनीको फर्म दर्ता प्रमाणपत्र,नविकरण,करचुक्ता प्रमाण पत्र ।

**<u>ठेक्का कबोलका लागि शर्तहरु</u>**

१. यो गोप्य शिलबन्दी पत्रमा भाग लिनेले व्याक्ती/फर्मले रु.४५०००/- मात्र राष्ट्रिय वाणिज्य बैङ्क कटहरीमा रहेको गाँउपालिकाको धरौटी **खाता नं २१९०१००३०३००००२** मा जम्मा गरि सो को सक्कलै भौचर शिलबन्दी दरभाउपत्रमा समावेश गर्नुपर्नेछ ।



CamScanner

# कटहरी गाउँपालिका
## Katahari Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय
## Office of Rural Municipal Executive
कटहरी, मोरङ/Katahari, Morang

प.सं./*Ltr.No.:*
च.नं./*Ref.No.*

Ph:- 021-404100
Koshi Province, Nepal
कोशी प्रदेश, नेपाल


मिति *(Date)*:........................



२. यो गोप्य शिलबन्दी दरभाउपत्रमा भाग लिनेले दरभाउपत्र दस्तुर वापदको रकम रु.१०००/-(एक हजार मात्र) कटहरी गाउँपालिकाको आन्तरिक राजश्व खाता नं.२१९०१००३०१०१०००२ मा नगद जम्मा गरी सो को भौचर दरभाउपत्र साथ संलग्न गर्नुपर्नेछ ।

३. प्रत्येक फारममा अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । कुनै पनि केरमेट भएमा अक्षरमा लेखिएको कबोल अंकलाई सदर गरिने छ ।

४. दरभाउपत्र मिति २०८२/०४/०६ गते कार्यलय समय सम्ममा पेश गरिसक्नुपर्नेछ । दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोहि समय भित्रमा दाखिला गर्न सकिनेछ र दरभाउपत्र दाखिला गरिसक्नुपर्ने अन्तीमदिनको भोली पल्ट दिनको २:०० बजे कटहरी गाउँपालिकाको कार्यालयमा दरभाउपत्र खोलिनेछ ।

५. आंसिक वा पूर्ण रुपमा स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाउँपालिकामा हुनेछ। अन्य बिषय सार्वजनिक खरिद कानुन एवं सार्वजनिक हितको सिद्धान्तको आधारमा गाउँपालिकाले तय गरे बमोजिम हुनेछ।

६. ठेक्का अबधि आ.ब.२०८२/०८३ असार मसान्त सम्मको लागी हुनेछ ।

७. म्याद नाघि र रित नपुगि प्राप्त फारम उपर कुनै कारवाही हुनेछैन

८. नेपाल सरकार र गाँउपालिकाले बेला बेला दिएको निर्देशन पुर्ण रुपले पालना गर्नुपर्नेछ । साथै ठेक्का सम्बन्धि कुनै विवाद भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।

९. ठेक्का कार्यान्वयनको अवधिभर सरसफाई तथा कर्मचारी सम्बन्धी सम्पुर्ण खर्च तथा अन्य लाग्ने राजश्व ठेकेदारले व्यहोर्नु पर्नेछ ।

१०. ठेक्का स्वीकृत भए पश्चात फोहोर ब्यवस्थापनका लागी प्रस्ताव पेश गर्ने परामर्श सेवादाताहरुले फोहोर ब्यवस्थापनका लागि आवश्यक ल्याण्डफिल साईडको ब्यवस्थापनका लागि आवश्यक जग्गाको ब्यवस्थापन आफै गर्नुपर्नेछ ।अन्य ब्याक्ती वा संस्थाको जग्गा भाडामा लिएको भए सो को कागजात पेश गर्नुपर्नेछ ।

११. कार्यालय संग ठेक्का संझौता भए पश्चात फोहोर ब्यवस्थापनका क्रममा ल्याण्डफिल साईड र सो सम्बन्धमा कुनै विवाद आएमा सो को सम्पुर्ण जिम्मेवारी ठेकेदार स्वयं हुने कुरा उल्लेख भएको कागजात पेश गर्नुपर्ने ।

१२. फोहोर उठाई लैजाने ट्याक्टरको डाला कम्तिमा ३.५ घनमीटर क्षमताको हुनुपर्नेछ । जसको पुर्ण यकिन भए पश्चात मात्र ठेक्का सम्झौता गरिनेछ ।



CamScanner

१३. फोहोर उठाई लैजानुपर्ने रुटमा पर्ने मुख्य मुख्य चोक(कार्यालयले तोकेको क्षेत्र)मा ठेकेदार स्वयंले झाडु लगाई फोहोर उठाई लैजानुपर्नेछ ।

**१४. फोहोर उठाई लाने रुट देहायबमोजिमको हुनेछ ।**

**क. प्रत्येक साताको आईतबार र बुधवारः-** कटहरीचोक देखि रंगेलीरोडहुदै साझा मार्ग, आदर्शटोलको थान जाने बाटोबाट छिरेर आदर्श बोर्डिङ स्कुलहुदै दक्षिण आदर्शटोल निस्किएर सिंघियाखोला सम्मको फोहोर ।

**ख. प्रत्येक साताको सोमबार र बिहिवारः-**कटहरीचोकदेखि पुरानोबुधहाट-फलफुल तथा थोक बजार कटहरी-१ महेशपुर, चौधरीचोक-नहरचोकहुदै जिराटटोल बाट कटहरी चोक सम्मको फोहोर ।

**ग. प्रत्येक साताको मंगलबारः-**कटहरीचोकदेखि ३ नं.वडा कार्यालयबाट कृषि मार्ग हुदै सरस्वती मन्दिर-सहनीटोल -मण्डलटोल-पासवानटोल -चम्राहीचोक बाट उत्तर मनोज कार्कीको घर बाट ४नं. वडा कार्यालय सम्म र नयाँवजार हटियालाग्ने स्थानहुदै लोहन्द्राघाटसम्मको फोहोर ।

**घ. प्रत्येक साताको शुक्रवारः-** आनन्दचोक बाट(सुदामाचोक) खयरवनाचोकको पुर्व सोनारटोलको शिव मन्दिर मुशहरीटोल-दिनाभद्री मन्दिरहुदै जुडीचोक दक्षिण राजवंशीटोल सम्म गई फर्किएर जुडीचोकबाट नयाँबजारको कामतटोलको फोहोर

**ङ. प्रत्येक साताको शनिवारः-** कटहरी चोकदेखि चैतुलालमार्ग-कामतटोलबाट रंगेलीरोड निस्किएर नयाँबजारको हटियालाग्ने स्थान सम्मको फोहोर ।

१५. उल्लेखित शर्तहरु बाहेक अन्य कुराहरु प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१६. कम्तीमा तिन वटा दरभाउपत्र पेश हुन आएमा मात्र दरभाउपत्रको मूल्यांकन गरिने छ ।

१७. अन्य जानकारिका लागि कटहरी गाँउपालिकाको कार्यालयमा सम्पर्क राख्नु होला ।



CamScanner